आज मिति २०८२/०३/०८ गते ~~बिहीबार~~ आइतबारका दिन इलाम नगर, पालिकाका प्रमुख केशर थापा ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीज्यूहरूको उपस्थितिमा नगर कार्यपालिकाको एघारौं बैठक बसी देहाय अनुसारको निर्णय गरियो।

उपस्थिति :-

प्रमुख श्री केशर थापा
उपप्रमुख श्री विष्णु कुमारी लिम्बु (ढकाल)
वडाध्यक्ष श्री गायत्रीराम बस्नेत
" श्री गिरिराज रिजाल
" श्री हेम बहादुर सुनुवार
" श्री नतनदेव दुलाल
" श्री काजी बहादुर श्रेष्ठ
" श्री दुर्गा श्रेष्ठ
" श्री नरेश श्रेष्ठ
" श्री धनमान तामाङ
" श्री गोपाल चौहान
" श्री ओमनाथ प्रधान
" श्री टंक सेवेन
" श्री लालबमान लिम्बु
का.पा.स. श्री आथना राई
" श्री सहिमाया कामिनी
" श्री धनमाया लिम्बु
" श्री कुमारी लवागुन
" श्री बिबि लिम्बु
" श्री विरेन्द्र बहादुर राई
" श्री देवेन्द्र अरिवथा
" श्री दिपक मिश्रवनी
सचिव प्र.प्र.अ. श्री गणेश कुमार खड्का

## एघारौं कार्यपालिका बैठक मिति २०८२।०३।०८ का निर्णयहरु

निर्णय नं १

नगर कार्यपालिकाको नवौं बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति बैठकमा प्रस्तुत भइ छलफल गरियो। उक्त बैठकका प्रमुख निर्णयहरुको कार्यान्वयन निम्नानुसार भएको पाइयो । आगामी दिनमा समेत कार्यपालिकाका निर्णयहरु समयमा नै प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

क. इलाम नगरपालिकास्थित माउण्ट मेची बोर्डिङ्ग स्कुलको कक्षा १२ थप अनुमति प्रदान गरिएको तथा इलाम माध्यमिक विद्यालयको कक्षा १२ बन्द गर्ने सम्बन्धमा अनुमति खारेज गरिएको यसैगरी सुम्बेक माध्यमिक विद्यालयको हकमा कक्षा ११ थपका लागि अध्ययन तथा आवश्यक कागजात पेश गर्न लगाइएको ।

ख. उपप्रमुखबाट पेश भएको मासिक अनुगमन प्रतिवेदनमा उल्लेख भए बमोजिम विभिन्न निर्माण योजना/कार्यक्रम तथा आयोजनासँग सम्बन्धित कार्यमा होर्डिङ्ग बोर्डको प्रयोगको अनुगमन गरि अनिवार्य गर्न निर्देशन गरिएको

ग. घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा निर्णय भए बमोजिम कार्यान्वयन गरिएको ।

घ. विश्व वातावरण दिवसको उपलक्ष्यमा जेठ २२ गते बहुक्षेत्रका सरोकारवालाहरुको सहभागितामा चियाबारीमा चिया रोपण कार्यक्रम संचालन भई सफलतापूर्वक सम्पन्न भएको ।

ङ. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत खर्च शिर्षक ५१३/२२५२१  कार्यस्थलमा आधारित सीप/ क्षमता विकास तथा जीवन उपयोगी तालिम संचालन गरिएको ।

निर्णय नं २

इलाम नगरपालिकाको आ.व. २०८२।८३ को नीति तथा कार्यक्रम उपर छलफल गरि स्वीकृतका लागि नगर सभा समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

इलाम नगरपालिकाको आ.व. २०८२।८३ को आर्थिक विधेयक, २०८२ सम्बन्धमा छलफल गरि पारितका लागि नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

इलाम नगरपालिकाको आ.व. २०८२।८३ को रु. १ अर्ब १४ करोड ३४ लाख १३ हजार ३५ को आय र १ अर्ब १४ करोड ३४ लाख १३ हजार ३५ को व्यय अनुमान नगरसभामा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ५

इलाम नगरपालिका राजश्व परामर्श समितिको मिति २०८२।०१।१० को देहायको परामर्श उपर छलफल गरि नगरसभामा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो।

देहाय

क. आर्थिक वर्ष ०८२/०८३ को लागि कर ,दस्तुर, शुल्क निम्न शिर्षक सहित साविक बमोजिम नै हुने गरि परामर्श दिने निर्णय गरियो ।

अ.

| क्र सं | आ.ब. २०८०/८१ को आर्थिक ऐनको दफा नं.१३ अनुसुची १२ | हाल भएको ब्यबस्था | संसोधन हुनुपर्ने/थप्नु पर्ने/ प्रस्ताव | निर्णय |
|---|---|---|---|---|

एघारौं कार्यपालिका बैठक मिति २०८२।०३।०८ का निर्णयहरु

| | | | | |
|---|---|---|---|---|
| १ | व्यवसायको नाम संशोधन | नभएको | कारोबार अनुसार | |
| २ | नागरिकता प्रतिलिपि दस्तुर | २०० | २०० | |
| ४ | अनुसूची ५ बाँस निकासी कर सि नं ७८ ङ<br>प्रति ट्रक- प्रति ट्याक्टर- | नभएको | १०००<br>५०० | |
| ८ | क —क्र स पे न ४० सि न २६ २७<br>लोक्ता/अग्रेली लोक्ता<br>चिराइतो ख-चिराइतो विक्री | १० भएकोप्रति गोटा २५<br>प्रति केजी नभएको | प्रति के जी १<br>प्रति के जी १ | |

आ.  व्यवसायको नाम तथा कारोबार संशोधन गर्दा व्यवसायको कारोबार अनुसार दस्तुर लिइ नाम संशोधन गर्ने।

**ख.** आर्थिक वर्ष २०७६।०७७ अघि दर्ता गरि हालसम्म नविकरण नभएका र हाल अस्तित्वमा नरहेका व्यवसायहरुको लागि कार्यालयको मिति २०८१।१०।२२ गतेको सूचना बमोजिम पनि सम्पर्कमा नआएका र वडाबाट स्थलगत निरीक्षण गर्दा पनि नभेटिएका संलग्न व्यवसायीहरुको लगत कट्टाको लागि वडा कार्यालयबाट सिफारिस भइ आएका ७०५ वटा व्यवसायहरुको नाममा रहेको व्यवसायको लगत कट्टाको लागि कार्यापालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

ग. इलाम नगरपालिकामा नक्सापास तथा अभिलेखिकरण भएका घरहरु प्राकृतिक विपद तथा आगो लागिको कारण पूर्ण रुपमा क्षति भएका घर तथा भवनहरुको पुनर्निर्माण गर्दा लाग्ने नक्सापास तथा अभिलेखिकरण दस्तुरमा छुट दिन परामर्श दिने निर्णय गरियो ।

घ. ग्रीन इलामको अवधारणालाइ पूर्णता दिन घर तथा भवन हरियो कलरले रङरोकन गर्ने सेवाग्राहीहरुलाइ नक्सापासमा तथा अभिलेखिकरणमा ५० प्रतिशत छुट दिन अनुरोध गर्ने निर्णय गरियो ।

ङ. स्थानीय कृषि उत्पादन र बजारिकरणलाइ सस्तो सुलभरुपमा उपभोक्तासम्म पुर्याउन, स्थानीय उत्पादन उपभोक्ताको प्राथमिकतामा राख्ने उदेश्यले अनुसूची ५ को सि नं ७९ अनुसार कृषि जन्य वस्तुको व्यावसायिक कारोबार शिर्षक हटाउने निर्णय गरियो ।

च. कृषि जन्य बस्तु एक ठाँउ बाट अर्को ठाँउमा ठाँउ सारी लाने सिफारिस दस्तुर साविक कृषि जन्य वस्तुको व्यावसायिक कारोबारको दररेट अनुसार सिफारिस दस्तुर लिइ सिफारिस लिन परामर्श दिने निर्णय गरियो ।

एघारौं कार्यपालिका बैठक मिति २०८२।०३।०८ का निर्णयहरु

च. आय ठेक्का सम्बन्धि सम्पूर्ण शिषर्कको ठेक्काको दररेट भ्याट बाहेक उल्लेख गरि सूचना प्रकाशन गर्ने र २ वर्ष वा से भन्दा माथि अवधीका लागि ठेक्का लागि सकेको हकमा पनि भ्याट बाहेकको व्यवस्था हुन सिफारिस गर्ने निर्णय गरियो ।

छ. विज्ञापनकर ठेक्का अंक रु २०००००।० दुइलाख कायम गरि ठेक्का सूचना निकाल्न अनुरोध गर्ने निर्णय गरियो ।

झ. ढुंगा गिट्टी बालुवा सम्बन्धी आय ठेक्का प्रदेश ऐन जारी भएपछि ठेक्का अंक तय गरि सुचना निकाल्न अनुरोध गर्ने निर्णय गरियो ।

ञ. व्याजमरणीमा घर जग्गा बहालमा लिने व्यक्ती संघ संस्था सहकारीलाइ अनुसूची ३मा उल्लेखित घर जग्गा बहालकर क्षेत्र संरचना ,/ भवनको प्रकृति तथा सडकको प्रकार अनुसार कोठाको प्रति वर्ग फूटको आधारमा कर लिने निर्णय गरियो ।

ट. खानेपानी महशुलमा लागे जरीवाना (हर्जना) २०८१ असारसम्म खानेपानी बक्यौता महशुल भुक्तानी गर्न बाँकी रहेका सेवाग्राहीहरुलाइ खानेपानी महशुलमा लाग्ने जरीवाना (हर्जना) एक पटकको लागि छुट गर्न र तोकिएको म्याद भित्र बक्यौता असुली नभए धाराको लाइन काटने व्यवस्थाको लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

इलाम नगरपालिकाको विकास निर्माण मापदण्ड (सातौं संशोधन) मा देहाय बमोजिम संशोधन गर्नका लागि नगर सभा समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

देहाय

| हाल भएको | संशोधन वा थप गर्नुपर्ने | कारण |
|---|---|---|
| ४,४.१ (ख) अन्य भित्रि सडकहरुको न्यूनतम् सडक अधिकार क्षेत्र ६ मिटर हुनु पर्नेछ | ४,४.१ (ख) सडकहरुको न्यूनतम् सडक अधिकार क्षेत्र अनुसुचि ८ बमोजिम हुनु पर्नेछ । | |
| अनुसुचि ८<br>-कृष्ण दाहालको घर गणेश अधिकारीको घर हुँदै मेची राजमार्ग<br>-इ.न.पा. -८<br>-सडक क्षेत्राधिकार-६ मिटर<br>-सेट व्याक- १.५ मिटर | अनुसुचि ८<br>-कृष्ण दाहालको घर गणेश अधिकारीको घर हुँदै मेची राजमार्ग<br>-इ.न.पा. -८<br>-सडक क्षेत्राधिकार- ४ मिटर<br>-सेट व्याक- १.५ मिटर | |
| नभएको | ६,६.१,९-नापी नक्सा र भोग चलन फरक परेको तर भोग चलनमा सरकारी, सार्वजनिक, ऐलेनी, पर्ति वा व्यक्ति विशेषको जग्गा नघुसेको निर्विवादित भोग भनि वडा कार्यालयबाट सर्जमिन मुचुल्का सहित सिफारिस भई आएमा भवन निर्माण स्वीकृति दिन सकिने छ। साथै उक्त सर्जमिन मुचुल्कामा चारै | |

## एघारौं कार्यपालिका बैठक मिति २०८२।०३।०८ का निर्णयहरु

| | | |
|---|---|---|
| | तिरका सँधियारहरुको सहीछाप ना.प्र.नं., जग्गासँग जोडिएको कित्ता नं. समेत अनिवार्य रुपमा स्पष्ट खुलाउनु पर्नेछ। तर सार्वजनिक जग्गामा परेको भनी उजुर परी पुष्टि भएको खण्डमा नक्सा स्वत बदर हुनेछ। | |
| MRT- (MANDATORY RULES OF THUMB REINFORCED CONCRETE BUILDINGS WITHOUT MASONRY INFILL) | RUD- (READY TO USE DETAILING GUIDELINE FOR LOW RISE REINFORCED CONCRETE BUILDINGS WITHOUT MASONARY INFILL) | मिति २०८१/०२/२८ को नेपाल राजपत्रमा प्रकाशित भवन संहिता NBC 205;2024 अनुसार |

निर्णय नं. ७

इलाम नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति, २०७९ कार्यान्वयन कार्ययोजना, २०८२ स्वीकृत गर्ने ।

निर्णय नं. ८

इलाम सामुदायिक आँखा अस्पतालको जिन्सी सामाग्री इलाम अस्पताललाई हस्तान्तरण गरिएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

इलाम नगरपालिकाको विषयगत समिति (कार्यसंचालन) कार्यविधि, २०७८ को दफा ३(१) मा भएको व्यवस्था बमोजिम इलाम नगरपालिकाका विषयगत समितिहरुलाई देहाय बमोजिम पुनर्संरचना गर्ने निर्णय गरियो ।

देहाय

| क्र.सं. | विषयगत समितिको नाम | संयोजक | सदस्य | सदस्य |
|---|---|---|---|---|
| १ | आर्थिक विकास समिति | वडाध्यक्ष श्री काजी बहादुर श्रेष्ठ | वडाध्यक्ष श्री गायत्रीराम बस्नेत | का.पा.स. श्री सरिमाया कमिनी |
| २ | पूर्वाधार विकास समिति | वडाध्यक्ष श्री गोपाल चौहान | वडाध्यक्ष श्री दलमान तामाङ्ग | का.पा.स. श्री धनमाया लिम्बु |
| ३ | सामाजिक विकास समिति | वडाध्यक्ष श्री ओमनाथ प्रधान | का.पा.स. श्री विरेन्द्र बहादुर राई | का.पा.स. श्री कुमारी ल्वागुन |
| ४ | वन वातावरण तथा विपद् व्यवस्थापन समिति | वडाध्यक्ष श्री नरेश श्रेष्ठ | वडाध्यक्ष श्री टासी जवेगु | का.पा.स. श्री ~~उर्मिला राई~~ कुमारी लुम्बा गुरुङ |
| ५ | सुशासन तथा संस्थागत विकास समिति | वडाध्यक्ष श्री गिरिराज रिजाल | का.पा.स. श्री दिपक तिखत्री | का.पा.स. श्री विवि लिम्बु |

## एघारौं कार्यपालिका बैठक मिति २०८२।०३।०८ का निर्णयहरु

### निर्णय नं. १०

इलाम नगरपालिका ५ नं. वडा कार्यालयको च.नं. ११८५, मिति २०८२।०२।२७ र १२ नं. वडा कार्यालयको च.नं. ७२१, मिति २०८२।०२।२० को पत्रानुसार चालु आ.व. २०८१।८२ मा संचालन हुने रकम योजनाहरु स्थानान्तरण गर्ने निर्णय गरियो ।

| क.सं. | साविकको योजनाको नाम | विनियोजित रकम | स्थानान्तरण गर्नुपर्ने शिर्षक | स्थानान्तरण रकम | कैफियत |
|---|---|---|---|---|---|
| ५३ | लागत सहभागितामा च्यापकटर, नर्सरी स्थापना, विउ विजन तथा विरुवा वितरण कार्यक्रम | ८०९४८।- | वडाका विभिन्न सडक मर्मत सम्भार कार्यक्रम | १३०९४८।- | वडा नं. ५ |
| १२८ | विद्यालयको पूर्वाधार निर्माण र बुक फ्रि फाइडे कार्यक्रम संचालन | ५००००।- | | | |
| १९८ | आप्रवासी कार्यक्रम | २०००० | खानेपानी टंकी खरिद | २०००० | वडा नं. १२ |
| १९६ | एकल महिला लक्षित कार्यक्रम | | | | |
| १ | पारिश्रमिक कर्मचारी | ४९८००००० | भ्रमण खर्च | ३००००० | |

### निर्णय नं. ११

पुराना तथा जिर्ण अवस्थामा रहेका विद्यालय भवनहरु तथा विद्यालय परिसर भित्र रहेका पुस्तकालयको भवन भत्काउने सम्बन्धमा आवश्यक कागजात सहित अनुमति माग भएको सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

देहाय

क. अमर माध्यमिक विद्यालय परिसरमा रहेको जनकल्याण सामुदायिक पुस्तकालयको पुरानो भवन
ख. रत्नलक्ष्मी आधारभूत विद्यालय इलाम १२ को स्वामित्वमा रहेको तत्कालीन अवस्थाको दुर्गा प्राथमिक विद्यालयको भवन

### निर्णय नं. १२

शिक्षक दरबन्दी मिलान सम्बन्धमा मिति २०८१/१२/३१ गतेको बैठकबाट पारित शिक्षक दरबन्दी मिलानका आधार र दरबन्दी सम्बन्धी विवरण बमोजिम इलाम ९ स्थित भगवती माध्यमिक विद्यालयमा प्राथमिक तहका ७ वटा दरबन्दीमा ३ वटा दरबन्दी कटौती हुने देखिएको हुँदा दरवन्दी मिलान मापदण्ड बमोजिम रत्नलक्ष्मी इ.न.पा. १२ मा स्थानान्तरण गर्ने ।

### निर्णय नं. १३

नगरस्तरीय दलित समन्वय समितिको स्थानीय पाठ्यपुस्तकमा भएको व्यवस्था संशोधनको लागि पेश भएको अनुरोध पत्र सम्बन्धमा थरहरुको स्थानमा दलित शब्द राखि पाठ्यपुस्तकमा परिमार्जन गर्ने र जातीय हिनताबोध नहुने गरि शिक्षण सिकाइ गराउन विद्यालयहरुमा जानकारी गराउने ।

## एघारौं कार्यपालिका बैठक मिति २०८२।०३।०८ का निर्णयहरु

**निर्णय नं. १४**

सुम्बेक माध्यमिक विद्यालयको कक्षा थप सम्बन्धमा वडा शिक्षा समिति र विद्यालय स्वयंले आवश्यक जनशक्ति र पूर्वाधारनको व्यवस्थापन गर्ने गरि कक्षा संचालन गर्ने गरि कक्षा थपको अनुमती प्रदान गर्ने ।

**निर्णय नं. १५**

इलाम नगरपालिकाको स्थानीय पाठ्यपुस्तक इलामको सेरोफेरो कक्षा ४ र ५ को स्वीकृत गरि लागू गर्ने ।

**निर्णय नं. १६**

सहकारी रणनितिक योजना (आ.व. २०८२।८३ देखि आ.व. २०८६।८७) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समितिले इलाम नगरपालिका , नगर कार्यपालिकाको कार्यालयको अनुगमन गरि पेश गरेको प्रतिवेदन उपर छलफल गरियो । उक्त प्रतिवेदनमा उल्लेख भएका सुझावहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

उप-प्रमुखबाट पेश भएको मासिक अनुगमन प्रतिवेदन उपर छलफल गरियो । प्रतिवेदनमा औंल्याइएका देहायका सुझावहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

माइस्थान मन्दिर पूर्वाधार सौन्दर्यीकरण कार्यक्रम संचालनका लागि प्राविधिकबाट प्राप्त लागत अनुमान रु. ९०४६१६.४१ (अक्षरेपी नौ लाख छयालिस हजार सोह्र रुपैया एक्चालिस पैसा ) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुशासन प्रबर्द्धन शाखाको च.नं. ३१७, मिति २०८२।०३।०४ को प्राप्त पत्र तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. Div 2-60564 , मिति २०८२।०३।०२ को पत्रानुसार पालिकाको बजेटको ठूलो अंश आर्थिक सहायताको क्षेत्रमा विनियोजन गरी उक्त रकमलाई टुक्रा टुक्रा पारी विभिन्न व्यक्तिहरु, संस्थाहरु तथा राजनीतिक दलहरुसमेतलाई वितरण गरेको देखिंदा सरकारी कोषको रकमबाट आर्थिक सहायता उपलब्ध गराउदा बस्तुपरक मापनका कानूनी आधारहरु तयार गरी पारदर्शी रुपमा आर्थिक सहायताको रकमको सदुपयोग गर्नेतर्फ जे-जे गर्नुपर्ने हो आवश्यक कदम उठाउनका लागि लेखि आएकाले सो सम्बन्धमा आगामी दिनमा प्राप्त सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

इलाम नगरपालिका उपप्रमुख महिला सीप बिकास समितिको मिति २०८२/०१/११ गतेको बैठकको निर्णय अनुसार सिफारिस भई आएका तपसील बमोजिमका महिला ब्यवसायीहरुलाई आवश्यक प्रकृया पुरा गरी मालपोत कार्यालय इलाममा धितो रोक्का राखी तपसील बमोजिमको कर्जा रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपसीलः

| सि.नं. | कर्जावालको नामथर | जग्गाधनीको नामथर | ठेगाना | रोक्का रहने कित्ता नं. | कर्जा स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | रेश्मा गुरुङ | मन कुमार गुरुङ | इ.न.पा. १ | साँखेजुङ ७ ख ५८९ | २००००० | |
| २. | अप्सरा राई | नन्द कुमारी थापा (कडरिया) | इ.न.पा. ६ | इलाम ८ ख १३६१ र १२०६ | ३००००० | |
| ३. | यमुना अधिकारी | लीला मणी अधिकारी | इ.न.पा. ५ | वरबोटे ३ क ९५४ | २००००० | |

**निर्णय नं. २२**

इलाम नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका छात्राहरूको लागि आवश्यक पर्ने सेनिटरी प्याडको कार्यालयमा रहेको मौज्दात सकिएको र विद्यालयहरूबाट माग भइरहेकोले सेनिटरी प्याड वितरण कार्यविधि २०७६ को प्रति छात्रा प्रति महिना २ प्याकेट प्याड बढिमा १० महिनाका लागि उपलब्ध गराउनु पर्ने व्यवस्था बमोजिम नगर क्षेत्रका विद्यालयमा सेनेटरी प्याड प्रयोग गर्ने उमेर समूहका कुल १०३९ (कक्षा ११ र १२ बाहेक) छात्राहरुको लागि चालु आर्थिक बर्षको विनियोजित बजेटबाट शैक्षिक सत्र २०८२ को कम्तिमा आगामी ५ महिनाका लागि विद्यालय स्वयले खरिद गरि वितरण गर्ने गरि नेपाल सरकार शिक्षा तथा मानव श्रोत विकास केन्द्रको परिपत्र बमोजिम प्रति छात्रा रु ८७७ का दरले विद्यार्थि संख्याको आधारमा सम्वन्धित विद्यालयहरुमा निकासा दिने र कक्षा-८ संचालित जम्मा २२ वटा विद्यालयहरुको लागि सेनिटरी प्याड डिस्पोजल मेसिन समेत प्रचलित कानुन बमोजिम खरिद गरि विद्यालयहरुलाइ उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २३**

इलाम नगरपालिका वडा नं. १, साखेजुङ्ग ५ (ख) कि.नं. २, क्षेत्रफल १६०-८-२-३ रोपनीको नेपाल सरकारको नाउमा दर्ता कायम रहेको जग्गा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यनिती, २०७९ को दफा ८ को १ को ग तथा अनुसूची २ को १ को झ बमोजिम कृषि सम्बन्धी अनुसन्धान प्रयोजनका लागि नेपाल कृषि अनुसन्धान परिषद् (NARC) लाई ऐ. कार्यनितीको दफा ६ को उपदफा ४ क बमोजिम जग्गा उपयोगका लागि उपलब्ध गराउन सम्बन्धित निकायहरुमा सिफारिस गर्ने तथा सोको अनुमोदनको लागि नगर सभा समक्ष सिफारिस गर्ने।

**निर्णय नं. २४**

इलाम नगरपालिका वडा नं. ९ (ख), कि.नं. २४५ क्षेत्रफल ७-११-०-२ रोपनीको सिंहवाहिनी गुठी नाउमा दर्ता कायम रहेको तथा हरि डिसीले कमाएको खेत प्रचलित कानून बमोजिम अन्य प्रयोजनका लागि प्रयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. २५**

उप-प्रमुख सीप विकास कोष संचालन कार्यविधी, २०७६ मा देहाय बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

| साविकमा भएको दफा ७छ२ | संसोधन हुनुपर्ने दफा ७छ२ | कारण |
|---|---|---|
| ऋण स्वीकृत भइसकेपछि धितो रोक्का वा दृष्टिबन्धकका लागि मालपोत कार्यालयमा पठाउनु पर्ने छ । | ऋण स्वीकृत भइसकेपछि धितो रोक्का वा दृष्टिबन्धकका लागि कार्यपालिकाबाट निर्णय गरि निर्णय | रोक्काका लागि कार्यपालिका बैठकको निर्णय आवश्यक भएकोले |

| | | |
|---|---|---|
| | सहित मालपोत कार्यालयमा पठाउनु पर्ने छ । | |

निर्णय नं. २६

इलाम नगरपालिकाको आ.व. २०८२।८३ को मध्यमकालीन खर्च संरचना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २७

इलाम नगरपालिकाको राजश्व सुधार कार्ययोजना, २०८२ (आ.व. २०८२।८३ देखि आ.व. २०८४।८५) स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २८

इलाम नगरपालिकाको सार्वजनिक सेवा प्रवाहको समीक्षा प्रतिवेदन उपर छलफल गरियो ।सेवा प्रवाहमा सुधार ल्याउनका लागि प्रतिवेदनमा औंल्याइएका सुझावहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २९

इलाम नगरपालिकाको सार्वजनिक सेवा प्रवाह मापदण्ड पालना समीक्षा प्रतिवेदन उपर छलफल गरियो ।उक्त प्रतिवेदनमा उल्लेख भएका सुझावहरुलाई क्रमश कार्यान्वयन गर्दै लैजाने निर्णय गरियो ।

निर्णय नं. ३०

इलाम नगरपालकिामा आर्थिक वर्ष २०७६।७७ अघि दर्ता भई नविकरण नभएका र हाल अस्तित्वमा नरहेका व्यवसायहरुको लागि कार्यालयको मिति २०८१।१०।२२ गतेको सूचना बमोजिम पनि सम्पर्कमा नआएका र वडाबाट स्थलगत सरजमीन गरि लगतकट्टाका लागि सिफारिस भएका तथा राजस्व परामर्श समितिबाट समेत लगतकट्टाका लागि परामर्श सहित पेश भएका ७०५ वटा व्यवसायहरुको राजस्व बक्यौता सरकारी बाँकी सरह असुल उपर गर्ने गरि लगत राखी व्यवसाय दर्ताको लगत कट्टा गर्नका लागि नगर सभा समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ३१

नगरपालिकाद्वारा वितरित खानेपानीका उपभोक्ताहरुबाट महसुलका सम्वन्धमा पेश भएका गुनासो अनुसार स्थलगत रुपमा चेकजाँच गरि समस्या समाधान गर्नुका साथै प्राविधिक समस्याका कारण महसुल बढि उठेका धाराहरुको महसुल समायोजन समेत गरिंदै आएकोमा खानेपानी महसुल सम्वन्धमा नगरपालिकामा यस अघि गुनासो पेश नगरेका र २०८१ साल श्रावण महिना भन्दा अघिदेखि खानेपानी महसुल नतिरि बाँकी बक्यौता रहेका धाराहरुको हाल सम्मको बाँकी बक्यौता रकम एकमुष्ट तोकिएको अवधि भित्रमा बुझाएमा २०८१ साल श्रावण महिना भन्दा अघिको महसुलमा कायम भएको जरिवाना रकम पूर्ण रुपमा छुट दिइ कायम भएको महसुल मात्र र २०८१ साल श्रावण महिना देखि हाल सम्मको जरिवाना सहितको महसुल असुल गर्ने तथा तोकिएको म्याद भित्रमा बाँकी बक्यौता नबुझाउने धाराधनीहरुको नामावली सार्वजनिक गरि नियमानुसार धाराको लाइन कट्टा गर्ने निर्णय गरियो ।

निर्णय नं. ३२

इलाम नगरपालिकाको कार्यालय बाट प्रवाह हुने सार्वजनिक सेवा लगायतका विषयमा सेवाग्राहीहरुले भरेको वहिर्गमन अभिमत (Exit Poll) मा आधारित भई पेश भएको सेवाग्राही सन्तुष्टि फारामको विश्लेषण प्रतिवेदन उपर छलफल गरियो । प्रतिवेदनमा उल्लेख भएका सुझावहरुलाई कार्यान्वयन गरी सेवाग्राही सन्तुष्टि अभिवृद्धि गर्ने कार्यहरु निरन्तर रुपमा अघि बढाउने निर्णय गरियो ।

## एघारौं कार्यपालिका बैठक मिति २०८२।०३।०८ का निर्णयहरु

**निर्णय नं. ३३**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ मा भएको व्यवस्था बमोजिम यस इलाम नगरपालिकाको आ.व. २०८२।८३ को लागि न्यूनतम दररेट इलाम जिल्लाको जिल्ला दररेट अनुसार कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४**

इलाम नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण, २०७६ मा देहाय बमोजिमको दरबन्दी थप गरि अनुमोदनका लागि नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

देहाय

क. नगर प्रहरी जवान — ४

ख. ल्याब असिस्टेन्ट (सहायकस्तर चौथो) - १